# १३

# राष्ट्रिय निकुञ्ज र जनताबीचको अन्तरसम्बन्ध

**सोमत घिमिरे**

(...) शाही चितवन राष्ट्रिय निकुञ्ज नेपालमा स्थापना भएको पहिलो निकुञ्ज हो। सन् १९७३ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ बनेपछि तत्काले सोही ऐनअन्तर्गत यस निकुञ्जको स्थापना भएको हो। निकुञ्जको रूपमा स्थापना हुनुअघि चितवन उपत्यकाको केही जङ्गल गैंडा आरक्षको रूपमा छुट्टचाइएको थियो। तर यस उपत्यकाको जङ्गल राणाकालदेखि नै शिकारको लागि जोगाइएको थियो। राणाहरू आफ्ना आसेपासेसहित प्रत्येक वर्ष शिकारका लागि तामझामका साथ यहाँ आउँथे र आफ्नो क्याम्प खडा गरेर बस्दथे। पछि उनीहरूका साथ अङ्ग्रेज शासकहरू पनि शिकारका लागि आउन थाले। यस जङ्गलमा आएर पाटे बाघ, एक सिङ्गे गैंडा तथा अन्य जङ्गली जनावरहरूको शिकार गर्नु ठूलै पुरुषार्थ सम्झिइन्थ्यो।

सन् १९५० को परिवर्तनपश्चात् त्यसमा केही परिवर्तन आयो। त्यसपछि पनि शिकार गर्ने काम जारी त रह्यो तर यसको मात्रामा भने कमी आयो। अन्तराष्ट्रिय रूपमा पनि त्यस समयमा वन्यजन्तु संरक्षणसम्बन्धी राज्यहरूको स्तरमा केही सन्धि, सम्झौताहरू पनि हुने प्रक्रिया शुरु भएको थियो। विगतमा गरिएको शिकारका कारण पाटे बाघ तथा एक सिङ्गे गैंडाको सङ्ख्या एकदमै कम भैसकेको थियो। यसै सन्दर्भमा नै पहिलो प्रयासको रूपमा २०१९ सालमा गैंडा आरक्षको स्थापना भयो र पछि यसैलाई विस्तार गरेर २०३० सालमा शाही चितवन राष्ट्रिय निकुञ्जको स्थापना गरिएको हो।

शुरुशुरुमा गैंडा गस्तिका सैनिकहरूले खालि चारकिल्ला भित्र गैंडा आरक्षको मात्र सुरक्षा गरेनन्। उनीहरूले स्थानीय नेताहरू तथा शक्ति भएकाहरूलाई उनीहरूको विरोधीहरूमाथि दमन गर्न पनि सहयोग गरे। नवलपुरमा केही मानिसहरूलाई स्थानीय ठालुहरूले गैंडा गस्तिका सैनिकको सहायतामा शोषण गरेको कुरा केही बूढापाकाहरू बताउँछन्। त्यसैले नेपालको सन्दर्भमा संरक्षित क्षेत्रहरूको स्थापनाको विश्लेषण गर्दा तत्कालीन राजनीतिक व्यवस्थासँग यो कसरी जोडिएको छ भन्ने कुराको पनि

*सिर्जना,* १०:२८-३१, वैशाख २०५८ मा प्रकाशित।

विश्लेषण गर्नुपर्ने हुन्छ । तर यससम्बन्धमा नेपालमा अनुसन्धान भएकै छैन भन्दा पनि हुन्छ । अहिले हामी त्यसको विस्तारमा व्याख्या गर्ने अवस्थामा छैनौँ ।

यो निकुञ्जको जम्माजम्मी क्षेत्रफल ९३२ वर्ग किलोमिटर छ । यसभित्र चुरे पहाड, विभिन्न प्रकारका घाँसे मैदान, जङ्गलहरू तथा जल पर्यावरण रहेका छन् । एक सिङ्गे गैँडाको संरक्षण गर्ने उसको घोषित लक्ष्यको आधारमा हेर्दा यो निकुञ्ज एकदमै सफल भएको छ । स्थापनाकालमा १०० को आसपास रहेको यसको सङ्ख्या अहिले ५०० नाघिसकेको छ ।

यो निकुञ्ज चितवनको मात्रै नभएर नेपालकै ठूलो गहना हो । दुर्लभ वन्यजन्तु, जैविक विविधताको धनी यस निकुञ्जले वर्षेनी लगभग ५ करोडको आसपासमा आम्दानी गर्छ । पर्यटन व्यवसायको दृष्टिकोणले भन्ने हो भने प्रशस्तै मौका र सम्भावना बोकेको ठाउँ हो यो । निकुञ्जको व्याख्या विश्लेषण गर्दा यो एउटा पाटो हो । तर पाटाहरूको व्याख्या विश्लेषण गरिएन भने निकुञ्ज व्यवस्थापन अवैज्ञानिक हुन जान्छ ।

अहिले स्रोत व्यवस्थापनको कुरा गर्दा स्रोत कसले र कस्तो प्रक्रियाद्वारा व्यवस्थापन गर्ने भन्ने सवाल नै महत्वपूर्ण सवाल हो । शाही चितवन राष्ट्रिय निकुञ्ज सेनाद्वारा संरक्षित छ । आर्मी स्रोत संरक्षण सरोकारवाला हो कि होइन ? राष्ट्रिय अखण्डता स्वाधीनतामा आँच आउन लागेको महसुस भएमा प्रयोग गरिने सेना स्रोत संरक्षणका लागि राखिनु कति उपयुक्त हो; एकपटक सेना राख्दाका असरहरू हेरौँ । सेनाले स्थानीय बासिन्दालाई आतङ्कित बनाएका छन् । महिला अस्मितामाथि धावा बोलेका छन् । जनताको करबाट उठेको जागिर खाएर बसेका आर्मीहरू जनता सताउन उद्यत छन् । मेघौलीका बोटे, माझी, कुमालहरूले संयुक्त रूपमा यस पंक्तिकारसँग भनेका छन्, "आर्मीहरू राक्षसजस्ता छन् ।" अझ चितवनको मात्रै कुरा नगरेर संरक्षित क्षेत्रमा आर्मी राखेकोमा कोशी टप्पुको सिमानामा बस्ने फुलनदेवी चौधरीले एक कार्यक्रममा भन्नुभयो, "हामी आर्मीको वरिपरि बस्न सक्दैनौँ । कि सरकारले आर्मीलाई मात्रै राखोस् होइन भने जनतालाई बचाउन चाहन्छ भने हाम्रो क्षेत्रभित्र आउन नदिइयोस् । सरकारले कि जनतालाई रोजोस् कि आर्मीलाई रोजोस् ।" २०५६ सालको वैशाख १५ गते काठमाडौँमा भएको सार्वजनिक सुनुवाइ कार्यक्रममा फुलनदेवीले सो भनाइ राख्नुभएको थियो ।

सेना राखेर राम्रो के भएको छ ? चोरी शिकारी भएकै छ । दुर्लभ गैँडा वर्षमा ४५-५० मरेकै छन् । यी यस्ता चोरी शिकारीका घटनाहरू केही नभएको भए सेनाको औचित्य सावित हुन सक्दथ्यो । सेनाको उपस्थितिलाई कुनै कोणबाट पनि पुष्टि गर्न सकिने अवस्था छैन ।

हाम्रो संविधानअनुसार सेना परिचालन संवैधानिक परिषद्ले गर्दछ । बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि संरक्षित क्षेत्रमा आर्मी परिचालन गर्न कहिले संवैधानिक परिषद्ले निर्णय गरेको छ ? गरेको छ भने निर्णय गरेको मिति र औचित्य सरकारले

सार्वजनिक गर्नुपर्दछ । संवैधानिक प्रावधानलाई नियाल्ने हो भने संरक्षित क्षेत्रमा सेनाको उपस्थिति अवैधानिक छ ।

एकछिन निकुञ्ज बन्नुभन्दा पहिले उक्त जङ्गल र स्थानीय बासिन्दाको सम्बन्धको कुरा गरौँ । थारू, बोटे, माझी, कुमाल यस क्षेत्रका अर्थात् हाल घोषणा गरिएको मध्यवर्ती क्षेत्रका आदिवासी हुन् । यिनै जङ्गलका वरिपरि यिनै नदीनालासँग खेल्दै यिनीहरूको जीवन यहाँ आइपुगेको छ ।

थारूहरूको बस्ती पहिले निकुञ्जबाहिर भए पनि जीवनयापन सबै त्यही जङ्गलबाट हुन्थ्यो । भैँसी छाडा लगाएर थारूहरूले जीवन चलाउँथे । भैँसी धेरै पाल्दथे । यो पेशा कसैलाई नराम्रो लाग्ला तर यो नै थारूहरूको जीवनपद्धति थियो । तर अहिलेको निकुञ्जको संरक्षण प्रणालीले यस्ता कुराहरूलाई निषेध गरेको छ ।

बोटे-माझी-कुमालहरूको जीवनपद्धति पूरै निकुञ्जमा आश्रित थियो । निकुञ्जभित्रको साग, सिस्नु, कन्दमूल ल्याउनु र खोलाका माछा मार्नु उनीहरूको जीवनपद्धति थियो । तर अहिले कुहिएर जाने निकुञ्जको कन्दमूल सङ्कलन गर्न पाइँदैन, माछा मार्न पाइँदैन । आफ्नै नजिक रहेको स्रोतमा उनीहरू चोर सावित भएर जीवन धान्न परेको छ । उनीहरूको परम्परागत अधिकारलाई राज्यले नियम कानूनमार्फत अङ्कुश लगाउँदा उनीहरूलाई राज्यले चोरमा परिणत गर्‍यो । आफ्नो परम्परागत पेशा गुमाएका नवलपरासीका बोटे-माझीहरू आन्दोलित अवस्थामा छन् । आर्मी चौकी घेराउ, कसरास्थित वार्डेनसँग वार्ता जस्ता दवाबमूलक कामहरू गरिराखेका छन् । तर बोटे-माझीको सानो आवाजलाई कदर गरिएको छैन । २०५६ चैत १६ मा गाउँ विकास समिति महासङ्घले आयोजना गरेको गोष्ठीमा बोटे-माझी कल्याण सेवा समितिका तत्कालीन अध्यक्ष तेजबहादुर बोटे आफ्नो लिखित प्रस्तुतिमा भन्नुहुन्छ, "हामी बोटे-माझीहरू निकुञ्जसँग जोडिएको किनारमा धेरै वर्ष अगाडिदेखि बस्दै आएका छौँ । हामी बाउबाजेका पालादेखि नै खोलामा माछा मार्ने र निकुञ्जको निउरो, टाँकी जस्ता कन्दमूल ल्याई जीवन निर्वाह गर्दै आएका हौँ । हाम्रो बाँच्ने आधार नै निकुञ्ज र खोला हो ।"

"२०४९ सालमा एकाएक अब तिमीहरूले माछा मार्न पाउँदैनौ भनेर जाल डुङ्गा खोस्यो । त्यसपछि हामी गाउँलेहरू भेला भएर एक समिति बनायौँ । अहिले त्यो समिति नवलपरासीका बोटे-माझी गाउँभरि फैलिएको छ । हामीले भोगचलन गर्दै आएको खोला र जङ्गल पुनः भोगचलन गर्न पाउनु पर्छ भन्ने हाम्रो माग छ । विगतमा हामीले हाम्रो माग पूरा गराउनका जुलुस, धर्ना, पत्रकार सम्मेलन, डेलिगेशन, सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आएका छौँ ।" ♦